# विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष

पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण

विषयको आंशिकआवश्यकता

परिपुर्तिको लागि

प्रस्तुत शोधपत्र

शोधकर्ता

टेकराज श्रेष्ठ

परिक्षा रो नं. : २८०१७१/०६८

त्रि.वि. दर्ता नं. : ९-२-९-९२९-२००६

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौं

२०७०

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**शिक्षण विभाग**

**कीर्तिपुर**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र  केन्द्रीय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत (ED.CE. 598) को प्रयोगात्मक शोधपत्र परिपूर्तीका लागि छात्र टेकराज श्रेष्ठले मेरो प्रत्यक्ष निर्देशनमा रही "विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा" शीर्षकको प्रयोगात्मक शोधपत्र मूल्याङ्कनका लागी सिफारिस गर्दछु ।

मिति :  ४, अप्रिल २०१४

......................................

उप. प्रा. रविन्द्र सिवाकोटी

**शोध निर्देशक**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग**
**पाठ्यक्रम तथा मूल्याङ्कन**

**शिक्षण विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत (ED.CE. 598) को प्रयोगात्मक आवश्यकता पुरा गर्नका लागि टेकराज श्रेष्ठले तयार गर्नु भएको प्रयोगात्मक शोधपत्र स्वीकृत गरिएको छ ।

**मुल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा. स्वयंप्रकाश ज.ब.रा. ......................................
(विभागीय प्रमुख)

२. उप. प्रा. रविन्द्र सिवाकोटी ......................................
(शोध निर्देशक)

३. प्रा. कुल नरसिंह श्रेष्ठ ......................................
(बाहय सुपरिवेक्षक)

मिति : ११, अप्रिल २०१४

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्न विभाग द्वितीय वर्षको आशिंक आवश्यकता परिपुर्तिको लागि तयार गरिएको हो । अनुसन्धान गर्ने क्रममा विभिन्न बाधा व्यावधानहरु आई पर्दछन् जसको लागि उपयुक्त सल्लाह सुझाव र सहयोगको आवश्यकता पर्दछ । यो अनुसन्धान गर्ने शिलशिलामा अनेकौं महानुभावहरुसँग सहयोग लिइएको थियो ।

शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमुल्य सल्लाह सुझाव प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख गुरु प्रा. स्वयंप्रकाश ज.ब.रा. ज्यू प्रति आभार प्रकट गर्न चाहन्छु । प्रस्तुत शोधपत्रलाई तयार गर्ने क्रममा आफ्नो व्यक्तिगत तथा अध्यापन सम्बन्धी व्यस्तताको बावजुद पनि शोधपत्रको शुरुदेखी अन्त्य सम्म आवश्यक सल्लाह, सुझाव र सहयोग गरी मार्गनिर्देशन गर्नुहुने आदरणीय गुरी उप. प्रा. रविन्द्र सिवाकोटी ज्यू प्रति हार्दिक अभार प्रकट गर्दछु ।

शोधपत्र सम्पन्न गर्दाको समयमा संखुवासभा जिल्ला जलजला गा.वि.स. वडा नं. ८ मा संचालति सामुदायीक विद्यालय श्री जलजला मा.वि. विहिवारेमा अध्यापनरत सम्पुर्ण शिक्षकहरु र विद्यार्थीहरुलाई अन्तर्वार्ता दिन , छलफल गर्न, फारमहरु भर्न र जानकारीहरु दिन सहयोग गर्नुभएकोमा सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

त्यसैगरी शोधपत्र तयारीका क्रममा सहयोग पुऱ्याउनु हुने मेरा सहपाठी मित्रहरु र सम्पूर्ण ज्ञात अज्ञाता सहयोगीहरु प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । त्यस्तै शोधपत्रलाई कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने दाइ राजिव महर्जनलाइ पनि हर्दिक धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**

**टेकराज श्रेष्ठ**

# शोधसार

उत्प्रेरणा एक आन्तरिक शक्ति हो, कुनै पनि काम गर्ने कारक नै प्रेरणा हो । यस अध्ययनको शीर्षक विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु रहेको जसको मुख्य उद्देश्यहरुमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु पत्ता लगाउनु, उत्प्रेरणा प्रयोगमा देखा परेका समस्याहरु पत्ता लगाउनु र समस्याहरु समाधानको उपायहरुको खोजी गर्नु रहेको थियो । यो अनुसन्धान पुर्णत गुणात्मक अनुसन्धानात्मक ढाँचामा आधारीत भएर उद्देश्यमुलक नमुना छनौट विधिको माध्यमवाट संखुवासभा जिल्ला स्थित सामुदायिक विद्यालय श्री जलजला मा.वि. बिहिवारेलाई छनौट गरिएको थियो । सुचना संकलनका साधनहरुमा कक्षा अवलोकन फारम, शिक्षक अन्तर्वार्ता निर्देशिका र विद्यार्थी लक्षित समूह छलफलवाट सुचनाहरु संकलन गरी प्राप्त भएका तथ्यहरुलाई उद्देश्य अनुरुप विभिन्न शीर्षकहरुमा विभाजित गरी तार्किक विधिवाट विश्लेषण र ब्याख्या गरिएको छ ।

विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणाहरु पत्ता लगाउन गरिएको अध्ययनमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउन उत्प्रेरणाको रुपमा शैक्षिक सामग्री र नवीन विषयवस्तुहरुको प्रयोगको मात्रा न्युन रहेको देखियो । उत्प्रेरणाको रुपमा शिक्षण विधिको प्रयोगमा शिक्षक केन्द्रित विधिको प्रयोग बढी मात्रामा हुने त्यस्तै  अतिरिक्त क्रियाकलापको प्रयोगमा प्रतियोगीतात्मक रुपमा कार्यक्रम संचालन गरेर नै विद्यार्थीहरुलाई सहभागी गराउने गरेको पाइयो । पुरस्कार र दण्ड दुवैलाई उत्प्रेरणाको रुपमा प्रयोगमा ल्याउने जसमा पुरस्कारको प्रयोग विभिन्न क्षेत्रमा प्रथम द्वितीय तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई प्रदान गर्ने र दण्डको प्रयोग सामान्यत : सधैजसो प्रयोग हुने त्यसमा पनि माथिल्लो कक्षाहरुको तुलनामा तल्ला कक्षाका विद्यार्थीहरुमा बढी हुने गरेको भेटियो । प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माणमा दुवैको प्रयोग कहिलेकाही हुने त्यसमा पनि प्रतिस्पर्धाको प्रयोग भन्दा सहयोगको प्रयोग हुने, मनोरञ्जनात्मक क्रियाकलापहरु पनि समयसमयमा विषय र पाठ अनुसार संचालन गरी मनोरञ्जनात्मक वतावरणमा शिक्षण गराउने गरेको देखियो । विद्यार्थीहरुको प्रगति विवरण वा उपलब्धिको मापन गरी त्यसको पृष्ठपोषण प्रदान गरी शिक्षण गराउने क्रममा निरन्तर पृष्ठपोषणको प्रयोग नहुने गरेको पाइयो । विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षणमा पनि कहिलेकाही मात्र रुची अनुसारको शिक्षण गराउने गरेको र धेरैजसो कक्षा शिक्षणमा विद्यार्थीहरुको रुची र क्षमतालाई खासै ध्यान नदिने गरेकोले सिकाइमा उत्प्रेरित गराउनको लागि असर परेको देखियो त्यस्तै स्तर अनुसारको शिक्षण भने हुने गरेको भेटियो । उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको सहभागीतालाई हेर्दा उक्त विद्यालयमा विद्यार्थीहरुलाई विभिन्न क्रियाकलापहरुवाट शिक्षणमा सहभागी गराउने गरेको भएता पनि विद्यार्थीहरुको सहभागीता भने न्यन हुने गरेको देखियो । उक्त विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि विभिन्न क्रियाकलापहरु संचालन गराउदा विभिन्न समस्याहरुले वाधा पुऱ्याउने गरेको पाइयो जसमा विद्यालयमा भौतिक, शैक्षिक, आर्थीक, ब्यवस्थापकीय समस्याहरु, शिक्षकले विद्यार्थीकेन्द्रित क्रियाकलापहरु संचालन नगराउनु, विद्यार्थीहरुले पनि ध्यान केन्द्रित गराएर पढाइमा सहभागी नहुनु  र

अभिभावकहरुले पनि विद्यार्थीहरुको पढाइको वारेमा जानकारी लिनमा चासो नदिनु प्रमुख समस्याहरु रहेको भेटियो । उक्त समस्याहरुलाई समाधान गर्नका लागि विद्यालय, समुदाय, विद्यार्थी, शिक्षक र अभिभावकहरुले शिक्षण प्रतिको धारणालई सकारात्मक बनाइ समस्याहरुको समाधान गर्न पहल गर्ने गरेको देखिन्छ ।

विद्यालय तहमा उत्प्रेरणा प्रयोगमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउन विभिन्न क्रियाकलापहरु संचालनमा ल्याइ शिक्षण गराउने गरेको जसमा उत्प्रेरणाको रुपमा शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधिको प्रयोग, नवीन विषयवस्तुहरुको प्रयोग, अतिरिक्त क्रियाकलापहरुको प्रयोग, पुरस्कार र दण्डको प्रयोग, प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण, मनोरञ्जनात्मक क्रियाकलापहरुको संचालन, विद्यार्थीहरुको उपलब्धीको मापन गरी नतीजा प्रकाशन गराएर, विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण र शिक्षणमा विद्यार्थीहरुको सहभागीता जस्ता क्रियाकलापहरुवाट उत्प्रेरित गराउने गरेको भेटियो । उत्प्ररणाको प्रयोगमा देखिने मुख्य समस्याहरुमा विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावकहरु र समुदायवाट नै खडा हुने गरेको देखियो र उक्त समस्याहरुलाई समाधान गर्नका लागी विद्यालय, शिक्षक, विद्यार्थी, समुदाय र अभिभावकले नै विशेष ध्यान दिइ शिक्षण प्रतिको धारणालाई सकारात्मक पार्नमा विशेष पहल गरी समाधान गरेको पाइयो । उक्त विद्यालयमा प्रभावकारी रुपमा उत्प्रेरणाको प्रयोग गर्नका लागी विद्यार्थीकेन्द्रित शिक्षण क्रियाकलापहरु संचालन गराउनको लागि विद्यालय, शिक्षक, विद्यर्थी, समुदाय, अभिभावक र विद्यालय व्यवस्थापन समितिले आ-आफ्नो दायित्व वोध गरी शिक्षण प्रतिको धारणालाई सकारात्मक बनाउनु पर्ने जस्ता सुझवहरु प्रदान गरीएको छ ।

## विषयसुची

| विषयवस्तु | पेज |
|---|---|
| *सिफारिस पत्र* | *I* |
| *स्विकृति पत्र* | *II* |
| *कृतज्ञताज्ञापन* | *III* |
| *शोधशार* | *IV* |
| *विषयसूची* | *VI* |
| *तालिका सुची* | *IX* |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ६ |
| १.५ अध्ययनको औचित्य | ६ |
| १.६ अध्ययनको सीमितता/परिसिमा | ७ |
| **अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **८-२३** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ८ |
| २.१.१ मास्लोको प्रेरणाको सिद्धान्त | ८ |
| २.१.२ उत्प्रेरणाको मनोविश्लेषणात्मक सिद्धान्त | १३ |
| २.१.३ उत्प्रेरणाको सिकाइ सम्बन्धि सिद्धान्त | १४ |
| २.१.४. उत्प्रेरणा र सिकाइको ज्ञानात्मक सिद्धान्त | १५ |
| २.२ सम्बन्धित साहित्यको पूनरावलोकन | १६ |
| २.२.१ उत्प्रेरणाको प्रकार | १९ |
| २.२.२ कक्षाकोठाको सिकाइमा प्रयोग गरीने उत्प्रेरणाका तरिकाहरु | २० |
| २.२.३ शिक्षणमा उत्प्रेरणा जगाउने केही रणनीतिहरु | २१ |
| २.२.४ शिक्षकले उनीहरुको विद्यार्थीहरुलाई उत्प्रेरित गारउने top ten ways | २२ |
| २.२.५ उत्प्रेरणाको स्रोतहरु | २२ |
| २.३ अवधारणात्मक ढाँचा | २३ |

**अध्याय तीनः अध्ययन विधि** **२४-२६**
३.१ अनुसन्धान ढाँचा २४
३.२ जनसंख्या र नमुना छनौट २४
३.२.१शिक्षकको छनौट २४
३.२.२ विद्यार्थी छनौट २५
३.२.३ विद्यालयको छनौट २५
३.३ सुचना संकलनका साधनहरुको निर्माण २५
३.३.१ विद्यार्थी लक्षित समुह छलफल निर्देशिका २५
३.३.२ शिक्षक अर्न्तवार्ता निर्देशिका २५
३.३.३ कक्षा अवलोकन फाराम २५
३.४ साधनको विश्वसनीयता र वैधता निर्धारण २६
३.५ तथ्याङ्कको संकलन प्रक्रिया २६
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २६

**अध्याय चार : तथ्याङ्कको विश्लेषण र ब्याख्या** **२७-६५**
४.१ विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु २७
४.१.१ उत्प्रेरणाको रुपमा शैक्षिक सामग्रीको प्रयोग २७
४.१.२ उत्प्रेरणाको रुपमा शिक्षण विधिको प्रयोग ३३
४.१.३ उत्प्रेरणाको रुपमा नवीन विषयवस्तुहरुको प्रयोग ३७
४.१.४ उत्प्रेरणाको रुपमा अतिरिक्त क्रियाकलापहरुको प्रयोग ४१
४.१.५ उत्प्रेरणाको रुपमा पुरस्कार र दण्डको प्रयोग ४२
४.१.६ उत्प्रेरणाको रुपमा प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माणमा जोड ४५
४.१.७ उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक क्रियाकलापहरु ४७
४.१.८ उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको परिणामको प्रयोग ५०
४.१.९ विद्यार्थीको रुची, क्षमता र स्तरअनुसारको शिक्षण सिकाइ क्रियाकलाप ५१
४.१.१० उत्प्रेरणाको लागी शिक्षण सिकाइमा विद्यार्थीको सहभागीता ५६

४.२ उत्प्रेरणाको प्रयोगमा देखा परेका समस्याहरु ६०
४.२.१ उत्प्रेरणाको प्रयोगमा विद्यालयवाट देखिने समस्याहरु ६१
४.२.२ उत्प्रेरणाको प्रयोगमा शिक्षकहरुवाट देखिने समस्याहरु ६२
४.२.३ उत्प्रेरणाको प्रयोगमा विद्याथीहरुवाट देखिने समस्याहरु ६२
४.२.४ उत्प्रेरणाको प्रयोगमा अभिभावकहरुवाट देखिने समस्याहरु ६३
४.३ उत्प्रेरणाको प्रयोगमा देखा परेका समस्याहरु समाधानका उपायहरु ६४

**अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु६६-७८**

५.१ प्राप्ति ६६

५.२ निष्कर्ष ६९

५.३ सुझावहरु ७१

**सन्दर्भसामग्री** **७३-७५**

**अनुसूचि** **७६-८२**

१. विद्यार्थी लक्षित समूह छलफल निर्देशिका ७६

२. शिक्षक अन्तरर्वार्ता निर्देशिका ७८

३. कक्षा अवलोकन फारम ८०

४. शिक्षकहरुको पृष्ठभुमि ८२

# तालिका सुची

**तालिका** **पेज नं.**

तालिका ४.१.१.२ उत्प्रेरणाको रुपमा शैक्षिक सामग्रीको प्रयोग २९

तालिका ४.१.२.२ उत्प्रेरणाको रुपमा शिक्षण विधिको प्रयोग ३५

तालिका ४.१.३.२ उत्प्रेरणाको रुपमा नवीन विषयवस्तुहरुको प्रयोग ३९

तालिका ४.१.४ उत्प्रेरणाको रुपमा अतिरिक्त क्रियाकलापहरुको प्रयोग ४२

तालिका ४.१.७.२ उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक क्रियाकलापहरु ४९

तालिका ४.१.८ उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको परिणामको प्रयोग ५०

तालिका ४.१.१०.२ उत्प्रेरणाको लागी शिक्षण सिकाइमा विद्यार्थीहरुको सहभागिता ५८